# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

मिति : २०७७/०५/०६

## प्रेस विज्ञप्ती ।

आज मिति २०७७/०५/०६ गते बसेको कार्यपालिका बैठकबाट मिति २०७७/०५/०६ गते राति १२.०० बजे देखि २०७७/०५/१३ गते राति १२.०० बजे सम्म सम्पूर्ण गाउँपालिका क्षेत्र भित्र लागु हुने गरि देहाय अनुसार निर्णय भएकोले सम्बन्धित सबैमा निर्णय पूर्ण रुपमा कार्यान्वयनका लागि यो सूचना जारि गरिएको छ ।

१. औषधी पसल, दुग्ध डेरी, ग्याँस बिक्री पसल बाहेक अन्य सबै पसल, व्यापार व्यवसाय, होटल पूर्णरुपमा बन्द गर्ने । दुग्ध पसल विहान ६.०० बजे देखि ८.०० बजेसम्म र साँझ ४.०० देखि ६.०० बजेसम्म र ग्याँस पसल विहान ६.०० बजे देखि ८.०० बजेसम्म मात्र खोल्न पाइने । बैंक तथा वित्तीय संस्था, सहकारीहरु र विद्यालय प्रशासन पूर्ण रुपमा बन्द गर्ने/हुने ।

२. यस गाउँपालिकाबाट निकासी हुने दुध र अण्डा ढुवानीहरुको हकमा विहान ९.०० बजे भित्रमा पठाईसक्ने व्यवस्था मिलाउने ।

३. एम्बुलेन्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरकारी कर्मचारी र सन्चारकर्मी र सवारी पास भएका साधन बाहेक अन्य सबै प्रकारका सावारी साधनहरु चलाउन निषेध गरिएको छ ।

४. सबै स्वास्थ्य संस्थाहरुबाट ईमार्जेन्सी सेवा बाहेक अन्य सेवाहरु उल्लेखित मितिसम्म बन्द गर्ने/हुने ।

५. गाउँपालिकाबाट निर्माण भै रहेको क्वारेण्टाइनको कार्य नियमित रुपमा सन्चालन हुने तर अन्य क्षेत्रका सबै प्रकारका निर्माण कार्य बन्द गर्ने ।

६. वडा कार्यालयहरु पूर्ण रुपमा बन्द हुने । गाउँपालिकाबाट प्रवाह हुने सेवाहरु मध्ये बाह्य सेवाहरु सबै बन्द हुने । तर स्वास्थ्य सहुलियत सम्बन्धी अस्पतालमा गरिने सिफारिस खुल्ला हुने । सबै प्रकारका सभा सम्मेलन, गोष्ठि, भेला बन्द गर्ने / हुने ।

७. उल्लेखित निर्णयको उल्लंघन गरेमा प्रचलित कानून अनुसार गाउँपालिका, प्रहरी, प्रशासनद्धारा कडा कारवाहि हुनेछ ।

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत